संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६१

# सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज २२ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम, प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री अन्जनी श्रेष्ठ
२. मा० श्री अनिषा नेपाली
३. मा० श्री अब्दुल खांन
४. मा० श्री अमनलाल मोदी
५. मा० श्री अम्मर बहादुर रायमाझी
६. मा० श्री अमृतलाल राजवंशी
७. मा० श्री अर्जुन नरसिंह के.सी.
८. मा० श्री अस्मा कुमारी चौधरी
९. मा० श्री असिम शाह
१०. मा० श्री ईश्वर बहादुर रिजाल
११. मा० श्री ईश्वरी घर्ती
१२. मा० श्री उर्मिला थेवे
१३. मा० श्री उर्मिला माझी
१४. मा० श्री ऋषिकेष पोखरेल
१५. मा० श्री एकनाथ ढकाल
१६. मा० श्री किरणकुमार शाह
१७. मा० श्री गीता बस्नेत
१८. मा० श्री गोकुल प्रसाद बांस्कोटा
१९. मा० श्री गोमा लाभ (सापकोटा)
२०. मा० श्री गंगा राम चौधरी
२१. मा० श्री चन्द्रबहादुर विश्वकर्मा
२२. मा० श्री चित्रबहादुर के.सी.
२३. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२४. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
२५. मा० श्री जनार्दन शर्मा
२६. मा० श्री कृष्णकुमार श्रेष्ठ
२७. मा० डा० अमरेशकुमार सिंह

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त निम्नलिखित व्यहोराको पत्र पढेर सुनाउनु भयो:-

(क) माननीय वन तथा वातावरण मन्त्री श्री वीरेन्द्र प्रसाद महतो श्रीलङ्कामा आयोजना हुने **5th Forum of Ministers and Environment Authorities & Asia Pacific (5th AP Forum)** मा सहभागी हुन संवत् २०८० साल असोज १५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति: २०८०/६/१५
(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ख) माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत मोरक्कोमा आयोजना हुने विश्व बैंकको वार्षिक बैठकमा सहभागी हुन संवत् २०८० साल असोज २२ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति: २०८०/६/२१
(बैकुण्ठ अर्याल)
मुख्य सचिव

तदुपरान्त मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले मिति २०८० असोज २१ गतेको बैठकमा "विद्युत विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि भएको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "विद्युत विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "विद्युत विधेयक, २०८०" माथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने मा० सदस्यहरुले बहत्तर घण्टाभित्र विधेयक शाखा (प्रतिनिधि सभा), संघीय संसद सचिवालय सिंहदरबारमा दिन सक्नु हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज २५ गते विहिबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव